# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

**ACCESS 2.0** *(राज्य -राज्यको अङ्ग्रेजी भाषाको बुझाइ तथा सञ्चारसम्बन्धी मूल्याङ्कन )*

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

ACCESS 2.0 एउटा योगात्मक वार्षिक मूल्याङ्कन हो जसले अङ्ग्रेजी भाषाको सामाजिक तथा शैक्षिक विकासमा सुनाइ, पठन, लेखन र बोलाइका क्षेत्रहरूको मूल्याङ्कन पूरा गर्छ । यो मूल्याङ्कन राज्यको आवश्यकता हो र यसले अङ्ग्रेजी भाषाका शिक्षार्थीहरू अनुगमन गर्ने संघीय आवश्यकताहरू पूरा गर्छ । अङ्ग्रेजी भाषाका शिक्षार्थीको रूपमा पहिचान गरिएका ग्रेड K-12 का सबै विद्यार्थीहरूले यो मूल्याङ्कनमा सहभागी हुनु जरुरी छ ।

तपाईंको बच्चा किन्डरगार्टनमा छन् भने उनले कागज र सिसाकलम प्रयोग गरेर जाँचको सबै चार हिस्सामा सहभागी हुने छन् । तपाईंको बच्चा ग्रेड 1-12 मा छन् भने मूल्याङ्कन पूर्ण रूपमा अनलाइनबाट, कागजमा आधारित जाँचबाट वा लेखाइसम्बन्धी जाँच कागजमा पूरा गरेर र बाँकी जाँच अनलाइनबाट पूरा गर्न सकिन्छ ।

महत्त्वपूर्ण संज्ञानात्मक अशक्तता भएका र अङ्ग्रेजी भाषाका शिक्षार्थीको रूपमा वर्गीकृत गरिएका ग्रेड 1-12 का विद्यार्थीहरू ELLs को वैकल्पिक ACCESS मा सहभागी हुने छन् । यो परीक्षा पूर्ण रूपमा कागजमा आधारित हुन्छ ।

कागजमा आधारित परीक्षा लेखाइ सहित यो परीक्षा जरुरी हुने सबै ग्रेड स्तरका विद्यार्थीका लागि उपलब्ध हुन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

ACCESS 2.0 जनवरी र फेब्रुअरीमा दिइन्छ र प्राय सबै विद्यार्थीका लागि अनलाइन ढाँचा प्रयोग गरेर पूरा गरिन्छ । परीक्षणको निश्चित तालिकाका लागि आफ्नो बच्चाको विद्यालयमा बुझ्नुहोस् । तपाईको बच्चाको परीक्षण पूर्ण अवधिमा नभएर निश्चित दिनहरूमा लिइने ग्रेड र विषयको परीक्षणमा आधारित हुनेछ । कृपया परीक्षणको निश्चित तालिकाका लागि आफ्नो बच्चाका शिक्षकलाई सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

बच्चाको प्रदर्शनसम्बन्धी निश्चित जानकारीको साथमा अङ्कको रिपोर्ट अभिभावकको घरमा पठाइनेछ । तपाईंले आफ्नो बच्चाको लागि जम्मा 8 अङ्क प्राप्त गर्नु हुनेछ । अङ्कलाई दक्षताको 6 स्तरमा विभाजित गरिनेछ:

| | | | | | |
|---|---|---|---|---|---|
| **1 – प्रवेश गर्दै** | **2 – उदीयमान** | **3 – विकास गर्दै** | **4 – विस्तार हुँदै** | **5 – पार गर्दै** | **6 - लक्ष्यमा पुग्दै** |

तपाईंले सुनाइ, पठन, लेखाइ र बोलाइमा फरक अङ्क प्राप्त गर्नु हुनेछ । यी अङ्कबाट, तल दिइएको संयुक्त अङ्क निकालिन्छ:

- मौखिक भाषा – ले बोलाइ (50%) र सुनाइ (50%) लाई जोड्छ
- साक्षरता – पठन (50%) र लेखाइ (50%)
- बोध – सुनाइ (30%) र पठन (70%)
- समग्र अङ्क - सुनाइ (15%), बोलाइ (15%), पठन (35%), र लेखन (35%)।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

ACCESS 2.0 अङ्क शिक्षकहरूलाई प्रत्येक विद्यार्थीको अङ्ग्रेजी भाषाको दक्षताको बारेमा जानकारी गराउन प्रयोग गरिनेछ । यसले विद्यार्थीका लागि सबैभन्दा उपयुक्त हुने निर्देशन विधि निर्धारण गर्न सहयोग गर्नेछ । यसलाई अङ्ग्रेजी भाषा सिकिरहेका विद्यार्थीहरूलाई कति बेला मूलाधारका अङ्ग्रेजी कक्षाहरूमा राख्न सकिन्छ भनेर निर्धारण गर्न पनि प्रयोग गरिन्छ । विद्यार्थीलाई अङ्ग्रजी भाषा प्राप्ति सेवाहरूबाट बाहिरनका लागि समग्रमा 4.0 वा माथिको अङ्क साथै साक्षरतामा 4.0 वा माथिको अङ्क आवश्यक पर्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: WIDA**

- https://www.wida.us/downloadLibrary.aspx भ्रमण गर्नुहोस्, र मानक शीर्षक अन्तर्गत परिवार वेबिनार हेर्नुहोस्

**थप सूचना: मूल्याङ्कनहरू**

निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- http://assessments.dpsk12.org
- 

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।